

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १३५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १५ गते मंगलबार ❑ 28 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गणतन्त्र दिवसको पूर्वसन्ध्यामा व्यवस्थामाथि बहस

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गणतन्त्रको विकल्प अर्को कुनै पनि व्यवस्था हुन नसक्नेमा यहाँ आयोजित एक कार्यक्रमका वक्ताहरुले जोड दिनुभएको छ । १७औं गणतन्त्र दिवसको पूर्वसन्ध्यामा गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले सोमबार आयोजना गरेको ' गणतन्त्रको डेढ दशक-उपलब्धि र चुनौती' विषयक अन्तरक्रियामा उहाँहरुले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्ने बताउनुभयो ।




कार्यक्रमका प्रमुख वक्ता गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री खगराज अधिकारीले गणतान्त्रिक शासन व्यवस्था परिपक्व दिशातर्फ गइरहेको बताउनुभयो । "गणतन्त्र किशोरावस्थाबाट परिपक्व हुँदैछ, यो हाम्रो २००७ सालदेखिको सपना हो, जनसिद्ध श्रेष्ठताको विरुद्ध हो गणतन्त्र", उहाँले भन्नुभयो, "सबै मानिस आफ्नो सीप, क्षमता र प्रतिभा जनअनुमोदनद्वारा राष्ट्रपति हुन सक्छन्, गणतन्त्रको सुन्दर पक्ष भनेको यसको आलोचना गर्न पाइन्छ र आलोचना गरेबापत प्रतिबन्धित हुनुपर्दैन ।" मुख्यमन्त्री अधिकारीले साधनस्रोतको सीमितताका कारण जनअपेक्षा पूरा गर्न नसकिए पनि गणतन्त्रले ल्याएका परिवर्तनका सङ्केतहरु स्पष्ट रुपमा देखा पर्न थालेको बताउनुभयो । "पूर्वाधार विकास, स्वास्थ्य, शिक्षालगायतका विकासले गति लिएको छ, सङ्घीय संरचना बनेपछि नागरिकका घरदैलोमा राज्यका सेवा पुगेका छन्", उहाँले भन्नुभयो, "अहिले गाउँगाउँमा कालोपत्र सडक बनेका छन्, सयौँ पक्की र झोलुङ्गे पुल बनेका छन् ।" भूकम्प, कोभिड महामारी जस्ता कारणले अर्थतन्त्र केही सिथिल भए पनि पुनःजागृत हुने चरणमा रहको मुख्यमन्त्री अधिकारीको भनाइ थियो । "प्रदेश संरचनालाई कसरी आत्मनिर्भर बनाउने चुनौती हाम्रासामु छ, यो अझ सदृढ भएको अगाडि बढ्छ, गणतन्त्रको विकल्प राजतन्त्र कदापि हुन सक्दैन", उहाँले भन्नुभयो । नेपाल उद्योग वाणिज्य महासङ्घका पूर्वकेन्द्रीय अध्यक्ष आनन्दराज मुल्मीले निरकुंशता र सामन्ती प्रवृत्तिको अन्त्यका लागि गणतान्त्रिक व्यवस्था ल्याएको बताउनुभयो । "नागरिकका मौलिक अधिकार कार्यान्वयन हुन्छन्, सबैखाले विभेदको अन्त्य हुन्छ, सबै नागरिकले समान अवसर पाउँछन् भन्ने ध्येयले सबै राजनीतिक दल एक ठाउँमा उभिएर गणतन्त्रको घोषणा गरेका हुन", उहाँले भन्नुभयो, "गणतान्त्रिक शासन व्यवस्था अरु व्यवस्थाभन्दा उन्नत हुन्छ ।" पूर्वअध्यक्ष मुल्मीले गणतन्त्र आएपछि बनेका तीनै तहका सरकार नागरिकप्रति जवाफदेही र जिम्मेवार बन्नुपर्ने धारणा राख्नुभयो । "बहुलवाद र प्रर्तिस्पर्धामा आधारित राजनीतिक प्रणालीको विकास पनि गणतन्त्रको महत्वपूर्ण उपलब्धि हो, राजनीतिक अधिकार र सचेतानाका दृष्टिले ठूलो परिवर्तन भएको छ", उहाँले भन्नुभयो । उहाँले नेतृत्वको असक्षमतालाई लिएर सिङ्गो प्रणालीलाई दोष दिन नमिल्ने बताउनुभयो ।

गाउँपालिका राष्ट्रिय महासंघ अध्यक्ष नवराज ओझाले कोभिड महामारी व्यवस्थापनमा स्थानीय तहले आफ्नो औचित्य पुष्टि हुने गरी महत्वपूर्ण भूमिका खेलेको बताउनुभयो । "राज्यका सेवा र संरचना नागरिकको घरदैलोमा पुगेका छन्, गणतन्त्रको सबैभन्दा बलियो खम्बा भनेको स्थानीय तह हो", उहाँले भन्नुभयो, "नागरिकले अनुभूति गर्ने गरी स्थानीय तहले सेवा प्रवाह गरिरहेका छन् ।" उहाँले सात वर्षअघि आफ्नो गाउँपालिकामा एक सय दुई घरमा खानेपानी सुविधा पुगेकामा अहिले ९९ प्रतिशत घरधुरीमा खानेपानी सुविधा पुगेको उदाहरण दिनुभयो । प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेतले सेवा प्रवाहलाई चुस्त र सेवाग्राहीमैत्री बनाउनुपर्ने धारणा राख्नुभयो । उहाँले 'डिजिटल नेपाल'को अवधारणाअनुसार नागरिकलाई छिटो र छरितो सेवा दिन निजामती क्षेत्रबाट प्रयास गरिएको बताउनुभयो । शान्तिका लागि नागरिक समाजको सञ्जाल कास्कीका अध्यक्ष विना सिलवालले महिला, दलित, अपाङ्गता भएका व्यक्ति, सिमान्तकृतलगायतको अधिकारको प्रत्याभूति सरकारले दिलाउनुपर्ने बताउनुभयो ।

## गण्डकी प्रदेशका मुख्यमन्त्रीले लिएको विश्वासको मत असंवैधानिक ठहर

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

सर्वोच्च अदालतले नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेको पक्षमा रिट जारी गरेको छ ।

पाण्डेको पक्षमा उक्त रिट जारी गरेसँगै नेकपा एमाले संसदीय दलका नेता खगराज अधिकारी नेतृत्वको सरकार भने ढल्न पुगेको छ । सर्वोच्चका न्यायाधीशद्वय कुमार रेग्मी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले सोमबार पाण्डेको मागबमोजिम हुनेगरी फैसला गरेको सर्वोच्च अदालतले जनाएको छ । गण्डकी प्रदेशसभाको सबैभन्दा ठूलो दल नेपाली कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डेलाई मुख्यमन्त्री नियुक्त गर्न परमादेश दिएको छ । संविधान धारा १६८ को ३ अनुसार ठुलो दलको हैसियतमा मुख्यमन्त्री नियुक्त गर्न पाण्डे नेतृत्वलाई सरकार बनाउन बाटो खुलेको हो ।



संविधान विपरीत ६० सदस्यीय गण्डकी प्रदेश सभामा ३० जनालाई बहुमत मानेर सभामुख कृष्णप्रसाद धितालले मुख्यमन्त्री खगराजले विश्वासको मत पाएको घोषणा गर्नु भएको थियो । सभामुख प्रयोग भएर खगराजलाई विश्वासको मत दिलाएपछि कांग्रेस संसदीय दलका नेता सुरेन्द्रराज पाण्डे सर्वोच्च अदालतमा रिट दायर गर्नु भएको थियो । ६० सदस्य रहेको गण्डकी प्रदेश सभाको गत २३ वैशाखमा सम्पन्न बैठकमा मुख्यमन्त्री अधिकारीले विश्वासको मत माग्ने क्रममा ६० मध्ये ३० सदस्यले पक्षमा, २७ ले विपक्षमा र दुई सदस्यले कतै पनि मत जाहेर नगरेको अवस्थामा सभामुख कृष्ण धितालले ३० सदस्यको समर्थनलाई बहुमत मान्दै विश्वासको मत पाएको घोषणा गरेपछि त्यसको विरुद्ध नेपाली काग्रेस संसदीय दलका नेता समेत रहेका निवर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले २५ वैशाखमा सर्वोच्चमा रिट दर्ता गर्नु भएको थियो ।

## पशु स्वास्थ्यलाई प्रभावकारी बनाउन सरकार प्रतिबद्धता छ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

गण्डकी प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले पशु स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन प्रदेश सरकारले आवश्यक सहयोग गर्ने बताउनुभएको छ ।

पोखरा महानगरपालिका-१२ मा पशुपन्छीको उपचारका लागि निर्मित 'मोडेल भेटेरिनरी अस्पताल'को आज यहाँ आयोजित उद्घाटन समारोहमा मुख्यमन्त्री अधिकारीले आवश्यक स्रोतसाधन र जनशक्ति थप गर्न प्रदेश सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले पशुपन्छीको उपचार र कृषकको पशुधन सुरक्षाका लागि नवनिर्मित अस्पताल महत्वपूर्ण हुने बताउनुभयो । हाल रहेको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको परिसरमा भवन निर्माण गरिएको हो । कास्कीका साथै आसपासका जिल्लाका किसानलाई पशु उपचार गर्न तथा आवश्यक परामर्शसम्बन्धी सहजरुपमा सेवा दिने उद्देश्यले अस्पताल निर्माण गरिएको केन्द्रका प्रमुख शम्भुराज पाण्डेले बताउनुभयो । उहाँका अनुसार भवन प्रदेश सरकारको रु छ करोड ४४ लाख २० हजार सात सय ७२ लगानीमा बनेको हो । सुविधासम्पन्न साढे दुई तलाको अस्पताल निर्माणका लागि सिद्धबाबा/फुल्जोर जेभी स्याङ्जासँग ठेक्का सम्झौता गरिएको थियो । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका चिकित्सक डा अनन्त कोइरालाले सुविधासम्पन्न अस्पताल भवनबाट चाँडै अन्तरङ्ग, बहिरङ्गसहितका सेवा प्रदान गरिने जानकारी दिनुभयो । अस्पतालमा प्रयोगशाला, शल्यक्रिया कक्ष, फार्मेसी, रेडियोलोजिकल ल्याबलगायत सुविधा रहने उहाँले बताउनुभयो ।

डा कोइरालाका अनुसार


बाँकी अन्तिम पृष्ठमा ▶▶


## स्याङ्जाका पालिकाको १५ करोड बढी बेरुजु

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १४ जेठ

महालेखापरीक्षकको कार्यालयले आइतबार सार्वजनिक गरेको ६१ औं वार्षिक प्रतिवेदन अनुसार स्याङ्जाका ११ वटै स्थानीय तहको १५ करोड भन्दा बढी बजेट बेरुजु देखिएको छ । आर्थिक वर्ष २०७९/८० मा पालिकाहरुको १५ करोड ३२ लाख ६२ हजार बजेट बेरुजु देखिएको हो ।



आर्थिक वर्ष २०७९/८० को कुल बजेट १६ अर्ब ६८ करोड ५७ लाख ६२ हजारको कार्यालयले गरेको लेखापरीक्षणमा जम्मा ० दशमलब ९२ प्रतिशतले हुन आउने बजेट बेरुजु देखिएको छ । बेरुजु मध्ये ५ नगरपालिकाको ११ करोड ८ लाख ६१ हजार र ६ गाउँपालिकाको चार करोड २४ लाख एक हजार रहेको छ । रकमको आधारमा नगरपालिका मध्ये सबैभन्दा बढी बेरुजु पुतलीबजारको देखिएको छ भने सबैभन्दा कम गल्याङ्को देखिएको छ । जिल्लाको सबैभन्दा बढी बेरुजु हरिनासको २ दशमलब ८८ प्रतिशत देखिएको छ भने सबै भन्दा कम कालीगण्डकी गाउँपालिकाको ० दशमलब १० प्रतिशत देखिएको प्रतिवेदनमा उल्लेख छ । पुतलीबजारको दुई अर्ब ३५ करोड ५८ लाख ३७ हजारको लेखापरीक्षण गर्दा तीन करोड ८ लाख ८८ हजार बेरुजु देखिएको प्रतिवेदनमा उल्लेख छ । गल्याङ्मा दुई अर्ब तीन करोड २२ लाख ८३ हजारको लेखापरीक्षण गर्दा एक करोड ४१ लाख ७३ हजार बेरुजु देखिएको छ ।

चापाकोटको एक अर्ब ५० करोड २८ लाख ७७ हजारको लेखापरीक्षणमा एक करोड ७४ लाख ३० हजार बेरुजु देखिएको छ । भीरकोटको एक अर्ब ४३ करोड २५ लाख ५५ हजारको लेखापरीक्षण गर्दा दुई करोड ५९ लाख ७९ हजार बेरुजु देखिन्छ । वालिङको दुई अर्ब ४२ करोड ७५ लाख ५१ हजारको लेखापरीक्षण हुँदा दुई करोड २३ लाख ९१ हजार बेरुजु देखिएको महालेखा परीक्षकको प्रतिवेदनमा उल्लेख छ । गाउँपालिका तर्फ अर्जुनचौपारीको एक अर्ब ८८ लाख १९ हजारको लेखापरीक्षण हुँदा ३६ लाख २३ हजार बेरुजु देखिएको छ । आँधीखोलाको एक अर्ब ३३ करोड ६६ लाख १० हजारको लेखापरीक्षणमा १९ लाख ७७ हजार बेरुजु देखिएको छ भने कालीगण्डकीको एक अर्ब ४५ करोड ९८ लाख ६० हजारको लेखापरीक्षण गर्दा १५ लाख ८ हजार बेरुजु देखिएको छ ।

त्यसैगरी फेदीखोलाको एक अर्ब एक करोड ७१ लाख ३१ हजारको लेखापरीक्षणमा ३९ लाख ७८ हजार बेरुजु छ भने बिरुवाको एक अर्ब १३ करोड ८६ लाख ४७ हजारको लेखापरीक्षण गर्दा ३२ लाख ६७ हजार बेरुजु देखिएको छ । हरिनासको ९७ करोड ३५ हजार ९२ लाखको लेखापरीक्षण हुँदा दुई करोड ८० लाख ४८ हजार बेरुजु देखिएको प्रतिवेदन उल्लेख छ । जिल्लाका पालिका मध्ये पुतलीबजार, भीरकोट र चापाकोट नगरपालिका तथा हरिनास गाउँपालिकाको बेरुजु रकम एक प्रतिशत भन्दा बढी छ भने अन्य पालिकाको बेरुजु एक प्रतिशत भन्दा कम रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

महालेखापरीक्षकको कार्यालयले सार्वजनिक गरेको ६० औं वार्षिक प्रतिवेदन अनुसार जिल्लाका पालिकाहरुमा २६ करोड ५७ लाख २८ हजार बेरुजु रकम उल्लेख भएकोमा ६१ औं वार्षिक प्रतिवेदन अनुसार ११ करोड २४ लाख ६६ हजार बेरुजु कम भएर १५ करोड ३२ लाख ६२ हजार मात्रै बेरुजु देखिन्छ । महालेखाले स्थानीय तहलाई आवधिक योजना तर्जुमा, श्रोत तथा बजेटको पूर्वानुमान, आन्तरिक श्रोतको परिचालनमा गम्भिर हुन भनेको छ । योजना छनौट र आयोजनाको प्राथमिकीकरण गरी आयोजना बैंक बनाउने कार्य प्रभावकारी कार्यान्वयन गर्न, रकमान्तरलाई व्यवस्थित गराउन महालेखाले आग्रह समेत गरेको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अन्नपूर्ण आरोहण दिवसमा म्याराथन

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा अन्नपूर्ण आरोहण दिवसका अवसरमा अन्नपूर्ण म्याराथन हुँदैछ । यही जेठ २१ गते चार हजार एक सय ३० मिटरको उचाइमा उक्त म्याराथन हुन लागेको हो ।

अन्नपूर्ण आधार शिविरबाट माछापुच्छ्रे आधार शिविर, बगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुइले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुकसम्म कूल ४२ दशमलव १९५ किलोमिटर दूरीमा धावक दौडिने अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवं अन्नपूर्ण म्याराथन मूल आयोजक समितिका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । 'पर्यटनकालागिसबैमौसम'नाराका साथ २०७५ सालदेखि आरम्भ भएको अन्नपूर्ण म्याराथनको यो चौथो संस्करण हो । म्याराथनका माध्यमबाट अन्नपूर्ण आधार शिविरसहित यहाँको समग्र पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने उहाँले बताउनुभयो ।

"संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसबाट गत कात्तिक महिनामा अन्नपूर्ण आधार शिविरको भ्रमण हुनु, अमेरिकास्थित टाइम आउट म्यागेजिनले घान्द्रुकलाई भ्रमण गर्न लायक विश्वको सानो सुन्दर सहरको सूचीमा राख्नु, पोखरा पर्यटकीय राजधानी हुनुलगायत हामीले विगतदेखि गर्दै आएको यही कार्यक्रमको प्रभाव र उपलब्धि हुन् भन्ने ठानेका छौँ", संयोजक गुरुङले भन्नुभयो ।

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहणसँगै हिमाल आरोहणको क्रम सुरु भएकाले अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रुपमा समेत लिइन्छ । मौरिस हर्जोगको टोलीले जुन ३ मा अन्नपूर्ण प्रथमको आरोहण गरेकै कारण यस दिनलाई अन्नपूर्ण आरोहण दिवस (अन्नपूर्ण डे) का रुपमा मनाउने गरिएको छ ।

अघिल्लो वर्षको तुलनामा यस वर्षको अन्नपूर्ण म्याराथनमा अन्तर्राष्ट्रिय धावकको सहभागिता बढ्ने अपेक्षा गरिएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका सचिव मिकास गुरुङले बताउनुभयो । महिला तथा पुरुषतर्फ छुट्टाछुट्टै प्रतिस्पर्धा रहने यस संस्करणका लागि नाम दर्ता गराउने क्रम जारी रहेको र हालसम्म ५० धावकले नाम दर्ता गराइसकेको उहाँले बताउनुभयो । हालसम्म नाम दर्ता गराउनेमा ४० पुरुष र १० महिला रहेका छन् । नाम दर्ता गराउनेमा चार विदेशी नागरिकसमेत रहेका सचिव गुरुङले जानकारी दिनुभयो । म्याराथनमा सहभागी हुन महिलाका लागि रु पाँच हजार र पुरुषका लागि रु सात हजार शुल्क तोकिएको छ ।

महिला तथा पुरुषतर्फ प्रथम, द्वितीय र तृतीय हुनेले क्रमशः रु एक लाख ५० हजार, रु एक लाख र रु ७५ हजार पुरस्कार प्राप्त गर्ने प्रचारप्रसार संयोजक टङ्कराज अधिकारीले जानकारी दिनुभयो । यसअघि म्याराथनको पहिलो, दोस्रो र तेस्रो संस्करणको उपाधि क्रमशः त्रिभुवन आर्मीका हरिकुमार रिमाल, डोटीका खगेन्द्रबहादुर भाट र जुम्लाका धीरबहादुर बुढाले जितेका थिए । तेस्रो संस्करणदेखि म्याराथनमा महिलालाई सहभागी गराइएको हो । महिला म्याराथनको उपाधि गणना भण्डारीले जित्नुभएको थियो ।

# मोर्डन पेन्टाथलनको दोश्रो लेवलको प्रशिक्षक, प्रशिक्षण सुरू

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

पोखरामा पहिलो पटक मोर्डन पेन्टाथलन (खेल) दोश्रो लेवलको प्रशिक्षक, प्रशिक्षण सुरू भएको छ ।




मोर्डन पेन्टाथलन संघको आयोजनामा मोर्डन पेन्टाथलन गण्डकी प्रदेशको व्याबस्थापनमा पोखरामा पहिलो पटक ५ दिने उक्त प्रशिक्षण आयोजना भएको संघका अध्यक्ष राजेन्द्र श्रेष्ठले बताउनु भयो ।

पाँच वटा खेलहरुको संमिश्रण रहेको यस खेलमा रनिङ, सुटिङ, फेन्सिङ, सुइमिङ र घोडचडी समावेस हुने हुँदा यस खेल निकै खर्चिलो र जहाँ पनि यसको प्रशिक्षण गर्न नसकिने अध्यक्ष श्रेष्ठले जनाउनु भयो । पोखरामा भएको उक्त कार्यक्रमले पोखरा क्षेत्रको खेल पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने उहाँले जनाउनु भयो । उहाँका अनुसार उक्त प्रशिक्षणमा गण्डकी प्रदेश, बागमती प्रदेश सहितका अन्य प्रदेशबाट समेत गरी २२ जना भन्दा बढी सहभागि हुनु भएको छ । उक्त कार्यक्रममा सहभागि हुनको लागि विदेशबाट समेत ४० बढी देशलाई पत्रचार गरे पनि हवाई उडान शुल्क बढी पर्ने भएकोले अन्य देशबाट सहभागि नभएको उहाँको भनाई छ । उक्त कार्यक्रमको सोमबार एक समारोहका बिच उद्घाटन गर्दै प्रदेश खेलकुद परिषद गण्डकीका उपाध्यक्ष धोजकुमार गुरूङले ओलम्पिकमा सहभागि यस मोर्डन पेन्टाथलनको प्रबर्द्धन गर्न आवश्यक भएको बताउनु भयो । पोखरा पर्यटनको राजधानी घोषणासंगै अब खेलकुदको समेत राजधानी बनाउन यस्ता कार्यक्रमले सहयोग पुग्ने उहाँको भनाई थियो । खेलाडी उत्पादनमा यस्ता कार्यक्रमले थप टेवा पुग्ने उपाध्यक्ष गुरुङको भनाई थियो । विदेशी प्रशिक्षक भेदीमले मोर्डन पेन्टाथलन नेपालमा राम्रो सम्भावना भएकोले यसको प्रबर्द्धन गर्न आवश्यक भएको बताउनु भयो । उक्त कार्यक्रममा १० भन्दा बढी जिल्लाबाट दोश्रो लेवलको प्रशिक्षण कार्यक्रममा सहभागि भएको संघका महासचिव यादव बस्नेतले बताउनु भयो ।

आउँदो ओलम्पिक खेलमा उक्त खेलको लागि घोडचढी बाहेक अन्य ४ वटा विधा समेटेर उक्त खेल हुने तयारी भएको उहाँले जनाउनु भयो । घोडचढी धेरै देशमा सहभागि गराउन निकै मुस्किल भएकोले उक्त विधा सन २०२४ पछि हटाउने भएको हो ।

संघ प्रदेशका अध्यक्ष कविता अर्यालले गण्डकी प्रदेशमा यस खेलको अब विभिन्न प्रतियोगिताहरु गर्ने तयारी गरेको बताउनु भयो ।

# पोखरामा पाँचदिने प्राज्ञिक लेखन कार्यशाला तथा तालिम

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

विश्वविद्यालय अनुदान आयोगको सहयोग एवम् विन्दुवासिनी संस्कृत विद्यापीठ अनुसन्धान व्यवस्थापन एकाइको आयोजनामा पोखरामा पाँच दिने प्राज्ञिक लेखन कार्यशाला तथा तालिम सुरु भएको छ ।

प्राध्यापकहरूलाई प्राज्ञिक लेखनमा अभिप्रेरित गर्दै उनीहरूको क्षमता अभिबृद्धि गराउने उद्देश्यका साथ आयोजित कार्यशालामा पोखरास्थित विभिन्न क्याम्पसमा प्राध्यापनरत ४० जना प्राध्यापकको सहभागिता छ । कार्यशालाको उद्घाटन गर्दै पृथ्वीनारायण क्याम्पस पोखराका संस्थापक प्राचार्य जर्ज जोनले प्राध्यापकहरू प्राध्यापनसँगै निरन्तर अनुसन्धानमा संलग्न हुनुपर्नेमा जोड दिनुभयो । वर्तमानमा अनुसन्धानात्मक लेखन र त्यसको प्रकाशनविना प्राध्यापकहरूको प्राज्ञिक उन्नति हुन नसक्ने उल्लेख गर्दै उहाँले प्राज्ञिक लेखन कार्यशाला अत्यन्त उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

विन्ध्वासिनी संस्कृत विद्यापीठका प्राचार्य प्रा डा जगन्नाथ रेग्मीले कार्यशालामा विभिन्न विज्ञहरूबाट प्राज्ञिक लेखन सम्बन्धमा महत्वपूर्ण जानकारीहरू प्रदान गरिने जानकारी दिनुभयो ।

एकाइका संयोजक चूडामणि कँडेल, प्राध्यापक सत्यराज सुवेदी, सहप्रा डा काशिनाथ कण्डेल, अनुसन्धान व्यवस्थापन एकाइका सदस्य सचिव उपप्रा प्रकाश पौडेललगायतले कार्यशालाको महत्व लगायतमा बोल्नुभएको थियो ।

कार्यक्रमअन्तर्गत लघु अनुसन्धानको प्रस्तावना लेखन विषयक कार्यशालाको सहजीकरण जनता विद्यापीठ, दाङका अनुसन्धान व्यवस्थापन एकाइका संयोजक उप प्राडा खगेन्द्र घोडासैनीले गर्नुभएको थियो ।

# पशु स्वास्थ्यलाई...

पशुपन्छी, माछा, घरपालुवा जनावरलगायतको उपचारका लागि छुट्टाछुट्टै कक्ष राखिनेछ । "पुरानो भवन साँघुरो थियो । त्यहाँबाट उपचार सेवा दिँदै आएकामा अब नयाँ भवनबाट सेवा दिने तयारी भइरहेको छ", उहाँले भन्नुभयो, "सुरुआतमा सबै उपकरण र जनशक्ति पूरा भइसकेको छैन । आगामी दिनमा अस्पताललाई प्रदेशको पशुपन्छी उपचार प्रमुख केन्द्रकारुपमा विकास गर्नेछौँ ।" समारोहमा प्रदेशका उर्जा जलस्रोत तथा खानेपानीमन्त्री बेदबहादुर गुरुङ, प्रदेश सरकारका प्रमुख सचिव लक्ष्मीकुमारी बस्नेत, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका सचिव डा टङ्कप्रसाद प्रसाईं, पशुपन्छी तथा मत्स्यविकास निर्देशनालयका निर्देशक डा प्रेरणा सेढाईंलगायतले अस्पतालबाट विशिष्टिकृत पशु स्वास्थ्य उपचार सेवा प्रवाह गर्नुपर्ने बताउनुभएको थियो ।

# कृष्णसेन इच्छुकको २२ औं स्मृति दिवसमा शैक्षिक सामाग्री सहयोग

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ

पत्रकार एवं साहित्यकार कृष्णसेन इच्छुकको २२ औ स्मृति दिवस पोखरामा पनि मनाइएको छ ।



उक्त दिवसको अवसरमा प्रेस सेन्टर गण्डकी प्रदेश समिति, कास्की र महानजगको संयुक्त आयोजनामा आइतबार शहिद स्मृति आवासिय माविमा शैक्षिक सामाग्री हस्तान्तरण गरिएको छ ।

अग्रज पत्रकार कोमलनाथ बराल, विश्वप्रकाश लामिछाने, प्रेस सेन्टरका नेताहरुले विद्यालयलाई शैक्षिक तथा खेलकुद सामाग्री सहयोग हस्तान्तरण गरिएको प्रेस सेन्टर कास्कीका अध्यक्ष कृष्ण दवाडीले बताउनु भयो । विद्यालय व्यबस्थापन समितिका अध्यक्ष हरिराज अधिकारीले विभिन्न दाताको सहयोगबाट संचालित बिद्यालयमा उक्त सहयोग गर्नु भएकोमा प्रेस सेन्टरलाई धन्यवाद दिदै आगामी दिनमा सहयोगलाई निरन्तरता दिन आग्रह गर्नु भयो । प्रेस चौतारीका केन्द्रिय सदस्य कृष्ण थापाले सेन्टरले सामाजिक कार्यमा सहयोग गरेमा धन्यवाद दिदै आगामी दिनमा उक्त बिद्यालयमा सहयोग गर्ने वचन दिनु भयो ।

जनदिशा दैनिकका प्रधान सम्पादक रहनु भएको सेनको २०५९ साल जेठ १३ गते तत्कालिन महेन्द्र पुलिस क्लबको हिरासतमा हत्या भएको बताइन्छ ।

गणतन्त्र दिवस भव्यरूपमा मनाऔं

लोकतान्त्रिक गणतन्त्रका उपलब्धिलाई संस्थागत गरौं ।
संघ, प्रदेश एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**पोखरा महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
(सहकारी शाखा)
न्यूरोड, कास्की, गण्डकी प्रदेश, नेपाल

**सहकारी संस्थाका ऋणी सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारे सूचना**

मिति: २०८१।०२।१५ गते

सहकारी संस्थाहरुबाट ऋण लिइ निर्धारित समय भित्रै सोको साँवा ब्याज चुक्ता गर्न पटक पटक ताकेता गर्दा समेत ऋण चुक्ता नगरेका कारण सहकारी संस्थाहरुमा सदस्यको बचत फिर्ता गर्न समस्या परेकाले ऋण असुलीमा सहजीकरण विभिन्न संघ संस्थाहरुबाट अनुरोध भै आएका सन्दर्भमा यो सूचना प्रकाशित गरिएको छ । हाल यदाकदा समाजमा ऋण तिर्न नपर्ने वा नतिर्ने भन्ने जस्ता वित्तिय अराजकताहरु देखिएका छन् । कोहि कसैले आफूले लिएको ऋण तिर्नु नपर्ने कल्पना गरेको भएमा त्यो आफैका लागि प्रत्युत्पादक हुने र त्यस्ता गतिविधि नियन्त्रण गर्न पोखरा महानगरपालिकाबाट हदै सम्म कठोर कानुनी कारवाही गरिने कुरामा स्पष्ट पार्न चाहान्छ । यसर्थ पोखरा महानगरपालिका नियमन क्षेत्रधिकार भित्रका सहकारी संस्थाहरुका सम्पूर्ण ऋणी सेयर सदस्यहरुलाई समयमै ऋणको साँवा, ब्याज, किस्ता भुक्तानीका लागि पोखरा म.न.पा. हार्दिक अनुरोध गर्दछ । निर्देशन विपरित कार्य गरेमा संघिय सहकारी ऐन २०७४ को दफा ८३ र ८४ तथा पोखरा महानगरपालिका सहकारी ऐन, २०७५ को दफा ६० बमोजिम जायजेथाबाट असुलीका लागि प्रकृया अगाडि बढाउनु का साथै पोखरा महानगरपालिकाद्धारा प्रदान गरिने सेवा सुविधा रोक्का गरिने ब्यहोरा समेत जानकारी गराइन्छ ।


पोखरा महानगरपालिका
सहकारी शाखा

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्धार सम्वन्धी रोग** : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

जुनसुकै समाजमा पनि अनैतिकता र अन्यायले निराशालाई जन्माउँछ ।

- बिदुरनीति

## सम्पादकीय

# गणतन्त्र दिवसको शुभकामना

नेपालमा गणतन्त्र घोषण भएको १६ वर्ष पुरा भएको छ । गणतन्त्र घोषणको १७ औं वर्ष प्रवेशमा गेरको छ । २४० वर्ष पुरानो शाह वंशीय राजतन्त्रको अन्त्य गरी गणतन्त्र घोषणा भएको १६वर्ष पुरा भएको छ । २०६५ साल जेठ १५ गते संविधान सभाको पहिलो बैठकले राजतन्त्रको अन्त्य गर्दै गणतन्त्रको घोषणा गरेको थियो । २०६२/०६३ को जनआन्दोलनको बलले नै गणतन्त्रको घोषणा गर्ने चरणमा पुऱ्याएको हो । नेकपा माओवादीले गरेको दस वर्षे सशस्त्र संघर्षले गणतन्त्र घोषणामा महत्वपूर्ण भुमिका खेलेको हो । त्यस अघि नेपालमा भएका आन्दोलन र संघर्षका कारण राजतन्त्र कमजोर बनाउने काम गरेको हो । दरबार हत्याकाण्डले पनि राजतन्त्र कमजोर हुँदै गएको थियो । विदेशीले पनि नेपालमा गणतन्त्रको लागि सहयोग गरेकै हुन । कम्युनिष्ट पार्टीको स्थापना नै गणतन्त्र स्थानपनाका लागी भएको थियो । कम्युनिष्ट पार्टीहरुले नेपाली काग्रेसलाई गणतन्त्रको पक्षमा ल्याउन सकेकै कारण नेपालमा गणतन्त्र घोषण संभव भएको हो ।

गणतन्त्र घोषण पछि मुलुकमा ऐतिहासिक महत्वका उपलब्धि हासील भएका छन । संविधान सभावाट जनता सर्वभौम भएको संविधान निर्माण भएको छ । संविधानले गणतन्त्र, धर्म निरपेक्षता, संघीयता, समावेशी र समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरेको छासंघीय संसद, प्रदेश सभा र स्थानीय तहमा महिलाको प्रतिनिधित्व एक तिहाई भन्दा बढी पुगेको छ । संविधानले शिक्षा, स्वास्थ्य, आवास, खाद्यान्न, खानेपानी, सामाजिक सुरक्षा, रोजगारीको ग्यारेन्टी गरेको छ । गणतन्त्र पछि मुलुकले धेरै क्षेत्रमा प्रगति गरेको छानागरिक जागरुक र अधिकारप्रति सचेत भएका छन । आफ्ना कुरा राख्न सक्ने भएका छन।राजनीतिक खिचातानी र प्रतिशोधको कारण उपलब्धिलाई जनताको बीचमा भन्न सकेका छैनन् । दलहरूबीचको अविश्वास र दलभित्रको गुटबन्दीले गर्दा गणतन्त्रले के दियो भन्नेहरु सलबलाउन थालेका छन। सिंहदरबारको अधिकार गाउँमा पुगेको छातर त्यसको प्रचार हुन नसक्दा गलत प्रचारले ठाउँ लिएको छास्थानीय तहका प्रतिनिधीले पहिलो कार्यकाल पुरा गरेर दोस्रो कार्यकालकाजनप्रतिनिधिको दुई वर्ष पुरा गरेका छन । जनताको मन जित्ने घोषणामा होडबाजी चलेको छ। अब आफ्ना कार्यक्रम र योजना तथा बजेट पेस गर्ने अवस्थामा आएका छन।राजनीतिक दल र नेताको मुठ्ठीमा सबै कुरा राख्न खोज्दा जनतामा गणतन्त्र आएको अनुभूति गर्ने खालका काम हुन नसकेको गुनासो छ। ति गुनासोलाई मनन गरेर कार्यक्रम ल्याउने चुनौती दलहरूलाई छ । संविधान जारी भए पछि पनि त्यस प्रति असन्तुष्टि जनाउने राजनीतिक समूह अहिले संघीय सरकारमा छन् । मधेस प्रदेशमा मधेश केन्द्रीत दलको नेतृत्वमा सरकार छ। त्यो सरकार जनताको समस्याप्रति बेखबर जस्तै छ। गणतन्त्रलाई जीवन पद्धति बनाउन नसकेको हुँदा जनताले परिवर्तनको अनुभूति गर्न पाएका छैनन् ।राज्य सत्ताको उच्च तहमा बसेकाले सत्ता र शक्तिको दुरुपयोग गरेर भ्रष्टाचारमा लिप्त भएका छन । भ्रष्टाचारीलाई सत्ताको आडमा उन्मुक्ति दिने, संरक्षण गर्ने गरेका छन । सत्ता स्वार्थका कारण अन्य मुद्दा ओझेलमा परेका छन । राजनीतिक संस्कार सिकाउने भन्दा गाली गलौज गर्ने, आरोप लगाउने, आक्रोश पोख्ने, कुण्ठा पोख्ने थलो सदन भएको छ। सर्वोच्च अदालतले अपराधी ठहर गरेकालाई माफी दिने, सत्ताको आडमा अपराधीहरूलाई उन्मुक्ति दिलाउनु कानुनी शासनको खिल्ली उडाउनु हो । जनतालाई बोझ थपेर कार्यकर्ता र आसेपासेलाई सुविधा दिने,सहायता दिलाउने कामले प्रणालीकै बद् नाम गराएको छ ।

भाषणमा र दस्तावेजमा समाजमा सवै खाले विभेद र शोषणको अन्त्य गरि आर्थिक समानता, सामाजिक न्याय, समृद्धि सहित मुलुकमा समाजवादको आधार निर्माण गर्ने संवैधानिक व्यवस्था छ । गणतन्त्र पछि पनि हुनेखानेले मात्र राज्यबाट सुविधा पाउने गरेका छन । शक्ति र सत्तासंग नजिककाले मात्र फाइदा लिन सकेका छ।पसिना चुहाउने किसान मजदुरको हितमा काम हुन नसक्दा जनतामा जुन व्यवस्था आएपनि त्यस्तै भन्ने भान परेको छ । जनतामा छाएको निराशालाई उग्रदक्षिण पंथी (राजावादी) र पपुलिष्टहरुले जनतालाई भड्काउन थालेका छन । विदेशीले चलखेल गर्ने मौका पाएका छन।जनतामा छाएको निराशालाई पक्डेर जनताले ल्याएको परिवर्तन उल्टाउन सक्छन् । गणतन्त्रका घोषणका लागि सँगै लडेका राजनीतिक दलहरु नदीका दुई किनारा जस्तै देखिनु राम्रो होईन । काङ्ग्रेस र कम्युनिस्ट मात्र होइन नयाँ उदाएका दलसंग पनि त्यही ब्यबहार देखाउनु असहिष्णु व्यबहार हो।सदनमा जनताका समस्यामा भन्दा राजनीतिक दाउपेचका आधारमा नारावाजी र विरोध हुन थालेको छावजेट पेश गर्न पनि पाउने नपाउने हो भन्ने अवस्था आउनु गणतन्त्रको लागि राम्रो होइन । आवधिक निर्वाचनवाट जनताले आफ्नो प्रतिनिधी छान्ने प्रणली मात्र होईन गणतन्त्रलाई दलहरुले जीवन पद्धती वनाउनु पर्दछ । गणतन्त्र वादीले आफुलाई जनता भन्दा फरक देखाउन थाले भने हामीले रोकेको घोषणा र जनताको बलिदान खेरा जान सक्छ ।

गणतन्त्र भनेको सरकारमा पुगेर जनताको हितमा काम गर्नु हो । जनताको हितमा काम गर्नको निम्ति व्यक्तिगत लोभ, पारिवारीक मोह, दलको स्वार्थ त्याग्न सक्नु पर्छ । कम्युनिष्ट र लोकतन्त्रवादीहरुले सामाजिक न्याय सहितको प्रणाली विकास गर्न नसके जनताले बलिदानी दिएर ल्याएको गणतन्त्र हुनेखानेका लागीमात्र हुनजान्छ । राजनीतिक संक्रमणकाल अन्त्य गरि संविधानले सुरक्षित गरेका सबै अधिकार कार्यान्वयनमा आउन सकेमात्र गणतन्त्र स्थापना भएको अनुभूति जनताले गर्न पाउनेछन् । मुखले गणतन्त्रको चर्को कुरा गर्ने व्यवहारमा सामान्ती शैली देखाएमा गणतन्त्र बलियो हुन सक्दैन । गणतन्त्रको बारेमा जनतालाई सचेत पार्ने र गणतन्त्रको लागि बलिदानी दिने, आन्दोलनमा लागेर अंगभंग भएका योद्धा र उनीहरुका आश्रित परिवारलाई सम्झने गरेमा गणतन्त्र दिवस मनाएको सार्थकता रहनेछ । गणतन्त्रको लागि लडेका र परिवर्तनको बाहकहरु मिलेर जनताको अवस्था बदल्न र गणतन्त्रलाई जीवन पद्धति बनाउने सद्बुद्धी प्राप्त होस गणतन्त्र दिवसको शुभकामना !

# कास्कीमा पौडी खेल्दा डुबेर एक जनाको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, १४ जेठ

कास्कीमा पौडी खेल्दा डुबेर एक जनाको मृत्यु भएको छ ।

कास्की माछापुच्छ्रे गाउँपालिका ५ रिभान स्थित आनन्द ठाँटी बस्ने ४९ बर्षका शिव बहादुर थापा मगरको शान्तिघाट नजिकै मर्दी खोलामा पौडी खेल्ने क्रममा पानीमा डुबेर मृत्यु भएको कास्की प्रहरीले जनाएको छ ।

अस्थायी प्रहरी पोष्ट भेडाबारीबाट खटिएको प्रहरी टोली र स्थानीयको सहयोगमा पानीका डुबेका मगरको आइतबार दिउँसो ४:५० बजे शवलाई पानीबाट बाहिर निकाली पोष्टमार्टमको लागि पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान (पश्चिमाञ्चल क्षेत्रिय अस्पताल) पोखरामा राखिएको प्रहरीले जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ । माछापुच्छ्रे गाउँपालिका. वडा नम्बर ५ का वडा अध्यक्ष नारायण पाण्डे मार्फत सूचना प्राप्त हुन साथ प्रहरी टोली मगरको उद्धार तथा खोजिमा जुटेको थियो ।

# डुम्रे-बेँसीशहर दुई लेन सडकमा आठ किलोमिटर कालोपत्र सम्पन्न

पोखरापत्र संवाददाता
लमजुङ, १४ जेठ

डुम्रे-बेँसीसहर दुई लेन सडकमा आठ किलोमिटर कालोपत्र सम्पन्न भएको छ ।

लमजुङ र तनहुँ जोड्ने मुख्य सडक अन्तर्गत तनहुँको डुम्रे बजारबाट २२० मिटर अघिदेखि आठ किलोमिटर चाम्बासम्म दुई लेन सडकमा कालोपत्र गर्ने कार्य केही दिन अघि सम्पन्न भएको डुम्रे-बेँसीशहर-चामे सडक योजना कार्यालय लमजुङका सूचना अधिकारी तथा इञ्जिनियर किरण पोखरेलले बताउनुभयो । उहाँका अनुसार यस सडकमा आठ किलोमिटरसम्म दुई लेन सडक बनाएर 'अस्फाल्ट' किसिमको कालोपत्र गरिएको छ । पाइप कल्भर्ट, स्ल्याभ कल्भटको काम, सडक चौडाइ पुऱ्याउन कटिङ गर्ने, टेवा (पर्खाल) उठाउने, नाली बनाउने काम सबै सम्पन्न गर्दै कालोपत्र गर्ने कार्यसमेत सम्पन्न भएको छ । १०/१० मिटरको लगतकट्टा भइसकेको यस सडकको अधिग्रहण गरेकोमध्य नालीसहित १० मिटरको चौडाइमा सडक संरचना बनेको उक्त कार्यालयले जनाएको छ । बजार क्षेत्रमा दुवैतर्फ नाली निर्माण गरिएको छ भने कुनै ठाउँमा एकतर्फ र आवश्यक नभएको ठाउँमा नाली निर्माण नभएको उक्त कार्यालय सूचना अधिकारी पोखरेलले बताउनुभयो । नौ मिटर चौडाइमा कालोपत्र भएको छ। सडक कालोपत्र सम्पन्न भए पनि यतिबेला ठाउँठाउँमा भत्किएका पर्खाल मर्मत गर्ने, नाली सफा गर्ने कार्य भइरहेको छ । त्यस्तै, सडकमा रङ लगाउने कार्यसमेत सम्पन्न भएको छ भने अब ट्राफिक चिन्ह बनाउने काम बाँकी रहेको बताइएको छ । उक्त कार्यालयका अनुसार यस सडकको सो काम विसं २०८० कात्तिक २२ गतेसम्म सक्ने गरी आशीष अनेस्ट जेभीले विसं २०७७ वैशाख २२ गते सम्झौता गरेको थियो । तर निर्धारित समयमा काम सम्पन्न हुनसकेन । पुनः म्याद थप गर्दै आगामी असार २६ गतेसम्म कालोपत्र सम्पन्न गरिसक्नुपर्ने म्याद थप गरिएको थियो । उक्त कार्यालय इञ्जिनियर पोखरेलका अनुसार च्याम्बारका घरका विवाद र सडकमा पर्ने बिजुलीका पोलका कारणलेसमेत निर्माणमा ढिलाइ हुनपुगेको थियो । डुम्रे-बेँसीशहर सडक ४२ किलोमिटरको दुरी रहेको छ । यस सडकको तनहुँ डुम्रेदेखि लमजुङको सिमाना पाउँदी बजारसम्म २४ किलोमिटरको छ । यस सडकका लागि भ्याट र पिएस बाहेक रु ७५ करोड ९४ लाख ९७ हजारको लागत अनुमान गरिएकोमा उक्त जेभीले ३८ करोड नौ लाख ८६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको उक्त कार्यालयले जनाएको छ । उक्त रकममा सम्झौता भए पनि पछि समय लम्बिँदा केही रकम थप भए आएपछि रु ३८ करोड ७८ लाखमा सम्पन्न गर्ने रकम भए पनि यसमा केही कम रकममा सबै काम सम्पन्न हुने कार्यालयका इञ्जिनियर तथा सूचना अधिकारी पोखरेलको भनाइ छ ।


## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०८१/०२/१५ गते

कम्पनी ऐन २०६३ बमोजिम दर्ता नं. १७०२००/०७३/०७४ मा स्थापना भएको साविक आकाश डिजिटल पेमेन्ट प्रा.लि. रहेकोमा कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/११/२४ को प.सं. ८०/८१ च.नं. ५९७३१ को पत्रवाट स्वीकृत प्रदान भए अनुसार साविकमा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायीत्व सकार्ने ब्यहोरेने गरी साविकको नाम परिवर्तन भई आकाश डिजिटल प्रा.लि. कायम भएको हुँदा सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |


**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चेपाङ विद्यार्थीलाई अध्ययन खर्च दिइयो

पोखरापत्र संवाददाता
तनहुँ १४ जेठ

तनहुँको आँबुखैरेनी गाउँपालिकाले यहाँका दुई चेपाङ विद्यार्थीलाई अध्ययन खर्च बापतको रकम प्रदान गरेको छ । आँबुखैरेनी-५ का अमृत चेपाङ र सञ्जीव चेपाङलाई मासिक रु पाँच हजारका दरले अध्ययन खर्च दिएको हो ।

स्थानीय रामशाह माध्यमिक विद्यालयमा अमृत कक्षा ९ मा तथा सञ्जीव कक्षा ११ मा अध्ययनरत रहेका गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत विष्णुप्रसाद शर्माले जानकारी दिनुभयो । कार्यपालिका बैठकले विपन्न वर्गका चेपाङ विद्यार्थीलाई कक्षा १२ सम्म अध्ययन गर्न मासिक रु पाँच हजारका दरले सहयोग दिने निर्णय भएबमोजिम उक्त रकम प्रदान गरिएको हो ।

अमृतलाई दोस्रो र तेस्रो किस्ताबापत मङ्सिरदेखि असारसम्म आठ महिनाको रु ४० हजार तथा सञ्जीवलाई यही शैक्षिक सत्रको वैशाखदेखि असारसम्म तीन महिनाको रु पन्ध्र हजारको चेक हस्तान्तरण गरिएको हो । शिक्षाबाट वञ्चित हुन नपरोस् भनेर गाउँपालिकाले रकम सहयोग गरेको गाउँपालिका अध्यक्ष शुक्र चुमानले बताउनुभयो । विपन्न विद्यार्थीका लागि खाद्यान्न र आवासबापत मासिक रु पाँच हजारका दरले सहयोग गर्ने नीति गाउँपालिकाले अवलम्बन गरेको छ ।

चौध कार्यपालिका सदस्य र एक प्रमुख प्रशासकीय अधिकृतले मासिक बैठक भत्ताबापतको रकम शैक्षिक कोषमा जम्मा गरेका छन् । पन्ध्र जनाको मासिक रु एक हजारका दरले दश महिनाको रु एक लाख पचास हजार शैक्षिक कोषमा जम्मा गरिएको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो । सो रकम विपन्न वर्गका विद्यार्थीको अध्ययनका लागि खर्च गरिने छ ।

# पर्यटकीय गन्तव्य बन्दै ज्यामरुककोट

पोखरापत्र संवाददाता
म्याग्दी १४ जेठ

म्याग्दीको बेनी नगरपालिका-२ ज्यामरुककोटमा पूर्वाधार विस्तार गरिएको छ । ज्यामरुककोटमा रहेका ऐतिहासिक र पुरातात्विक महत्वको खड्गभवानी कोत परिसरका सम्पदाको संरक्षण गर्दै पूर्वाधार विस्तार गरिएको हो ।

गण्डकी प्रदेश सरकारअन्तर्गतको उद्योग तथा पर्यटन कार्यालय म्याग्दीको सहयोगमा खड्गभवानी कोत परिसरमा पूर्वाधार विस्तार गरिएको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले जानकारी दिनुभयो । "बेनीमा आउने पर्यटकको बसाई लम्बाउन ज्यामरुककोटमा पूर्वाधार निर्माणलाई तीव्रता दिएका छौँ" उहाँले भन्नुभयो, "पूर्वाधार विस्तारसँगै यहाँ भक्तजन र पर्यटकको चहलपहल बढेको छ । पूर्वाधारले उनीहरूलाई सहज बनाएको छ ।" प्रदेश सरकारको रु १० लाखको लागतमा खड्गभवानी कोतघर परिसरमा पर्खाल निर्माण गरेर फराकिलो बनाइएको छ । अठ्तीस मिटर लामो र दुई मिटर अग्लो मेसिनरी पर्खाल निर्माण गरिएको खड्कभवानी कोत मन्दिर संरक्षण समितिका अध्यक्ष रामकृष्ण घिमिरेले बताउनुभयो ।

पर्खाल बनाएर फराकिलो बनाइएको कोतघर परिसरमा भक्तजन र पर्यटक बस्न १० बेञ्च राखिएका छन् । यसअघि प्रदेश सरकारको रु १५ लाखको लागतमा भकुण्डेदेखि खड्गभवानी कोतघर परिसरमा पुग्ने तीन सय आठ मिटर पक्की पदमार्ग निर्माण गरिएको पूर्ववडाध्यक्ष हीराबहादुर थापाले बताउनुभयो ।

प्रदेश सरकारकै रु १० लाखबाट कन्थरथानतर्फबाट कोतघर परिसरमा पुग्ने पदमार्ग निर्माण गरिएको छ । कोतघर परिसरमा रु पाँच लाखमा गणेशको मन्दिर बनाइएको छ । कोत परिसरमा दुई सय १० मिटर घेराबार, दुई सय मिटर बाटो ढलान, पटाङ्गिनी निर्माण, नाग थान र मौलो राख्ने बेनी निर्माण गरिएका छन् । पन्धौँ शताब्दी प्रारम्भसँगै थापाहरूले राज्य गरेको ज्यामरुककोट (खड्गभवानी कोत) परिसरलाई पर्यटकीय गन्तव्य बनाउन बेनी नगरपालिका र वडा कार्यालयले पूर्वाधार निर्माणमा तीव्रता दिएका हुन् । यहाँ मल्लकालमा प्रयोग भएका दुर्लभ हातहतियारसमेत छन् । बयालिस रोपनी क्षेत्रफलमा रहेको कोत परिसरमा मल्लकालीन इतिहास, तोप, खुँडा, तरबारलगायत हातहतियार, प्राचीन शिला/ईँटा, खजाना लुकाउने ठाउँ र पानीका लागि बनाइएको राजकुवा अझै यथावत् छन् । समुद्री सतहदेखि एक हजार ६ सय ४८ मिटर उचाइमा रहेको ज्यामरुककोटबाट धौलागिरि, नीलगिरि, अन्नपूर्णलगायत हिमशृङ्खला, सदरमुकाम बेनी बजार, पञ्चकोट तथा विभिन्न ग्रामीण बस्ती अवलोकन गर्न सकिन्छ ।

# ढाकाको कपडा बुन्न सिकाउँदै बन्दीपुर गाउँपालिका

पोखरापत्र संवाददाता
दमौली, १४ जेठ

तनहुँको बन्दीपुरका महिलालाई व्यावसायिक बनाउन ढाकाको कपडा बुनाइसम्बन्धी तालिम प्रदान गरिएको छ ।

गाउँपालिकाद्वारा गरिबी निवारणका लागि उद्यम विकास कार्यक्रममार्फत महिलालाई ढाकाको कपडा बुन्ने तालिम प्रदान गरेको हो ।

महिलालाई व्यावसायिक बनाउँदै आयआर्जनसँग जोड्ने दुईमहिने ढाकाको कपडा बुनाइ तालिम सुरु गरिएको छ । गाउँपालिकाले महिलाको जीवनस्तर उकास्न विभिन्न सीप प्रदान गर्दै आएको गाउँपालिका अध्यक्ष पञ्चमाया गुरुङले बताउनुभयो। उहाँले भन्नुभयो, "गत स्थानीय तहको निर्वाचनमा हामी निर्वाचित भएर आएपछि यहाँका महिलालाई लक्षित गरी विभिन्न प्रकारका सीपमूलक तालिम सञ्चालन हुँदै आएको छ, ढाकाको कपडा बुनाइ पनि सोहीअन्तर्गतको हो ।" महिला दक्ष बन्नुपर्ने जनाउँदै गुरुङले दक्ष भए अरुको भरपर्न नपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "महिलालाई आत्मनिर्भर बनाउन उहाँहरूकै रुचि र मागअनुसारका तालिम सञ्चालन गर्छौं, आइतबारदेखि ढाकाको कपडा बुन्ने तालिम सुरु भएको छ ।" तालिमका क्रममा ढाकाको धागोमार्फत टोपी, सल, पछ्यौरा, हाते झोला र खादाजस्ता सामग्री उत्पादन गर्न सिकाइनेछ । सहभागीलाई चार तानमार्फत ढाकाका विभिन्न सामान उत्पादन गर्नका लागि प्रशिक्षण दिइएको उद्यम विकास सहजकर्ता टीका आलेमगरले बताउनुभयो । तालिममा सात महिलाको सहभागिता छ । गाउँपालिकाका अध्यक्ष सुरेन्द्रबहादुर थापाले तालिमका नाममा तालिम दिने मात्र नभई प्रयोगमा ल्याउँदै आर्थिक पाटोमा जोडिन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "तालिमलाई व्यावहारिक रूपमा उतार्न सकिए आत्मनिर्भर बन्न सकिन्छ, त्यसतर्फ ध्यान दिनुहोला, तालिम लिइसकेपछि पनि त्यस्ता महिलालाई के सहयोग गर्न सकिन्छ हामी गर्छौं ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १३ सिक्लेस ताङतिङ जाने बाटो संरक्षण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः सिक्लेस ताङतिङ जाने बाटो संरक्षण
ठेगानाः पोखरा-१३
योजना शुरु हुने मितिः २०८१/०१/२५ गते
योजना सम्पन्न हुने मितिः २०८१/०२/३० गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/१४ गते
योजनाको कुल लागतः रु. ५,००,०००/-
महानगरपालिकाबाटः रु. ५,००,०००/-
अध्यक्षः सिमान्त घिमिरे बराल सम्पर्क नं.: ९८५६०१७२२५
निर्माण समिति सदस्य संख्याः ७
महिलाः ३, पुरुषः ४

**सिक्लेस ताङतिङ जाने बाटो संरक्षण उपभोक्ता समिति पोखरा-१३**

# कालीगण्डकी करिडोरमा सुक्खा पहिरो, सडक खुल्न एक साता लाग्ने

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

सुक्खा पहिरोका कारण आइतबार रातिदेखि कालीगण्डकी करिडोरको बागलुङ-गुल्मी खण्ड अवरुद्ध भएको छ।

बागलुङ र गुल्मीको सिमानामा पर्ने गुल्मीको कालीगण्डकी गाउँपालिका-६ बरलवाको भिरमा गत राति पहिरो खसेको हो।

पहिरोले बागलुङ-गृल्मी खण्डअन्तर्गत मालढुङ्गा-अर्बेनी सडक पूर्णरुपमा अवरुद्ध भएको हो। यसअघि फागुन ११ र २६ गते पनि सोही ठाउँमा पहिरो खसेको थियो। सुक्खा पहिरोका कारण करिडोर एक साता बन्द भएको थियो । बागलुङको मालढुङ्गादेखि गुल्मीको अर्बेनीसम्म ४४ किलोमिटर खण्ड कालोपत्रका लागि स्तरोन्नतिको काम भइरहेको छ। काम चलिरहेकैबेला आइतबार रातको समयमा एक्कासी पहाड खसेपछि सडक अवरुद्ध भएको र काम रोकिएको कालोपत्रको काम गरिरहेको निर्माण कम्पनी कालिका कन्ट्रक्सनका इञ्जिनियर छकबहादुर गुरुङले बताउनुभयो।

"पहिरो खसेको ठाउँ निकै कमजोर छ, त्यहाँ पटकपटक पहिरो खसेर काममा बाधा पारिरहेको छ", आयोजनाका इञ्जिनियर अरुण खत्रीले भन्नुभयो, "पहाड सिँगै खसेकाले यो पटक पनि सडक खुल्न समय लाग्छ।" पहिरो खुलाउनका लागि आयोजना र निर्माण कम्पनीले आज बिहानैदेखि काम थालेका छन्।

बरलवाको भिरमा खसेको सुक्खा पहिरोले सडक अवरुद्ध भएको छ । सडक अवरुद्ध भएकाले करिडोर हुँदै लामो तथा छोटो दूरीका सवारीसाधन आवागमनमा समस्या भएको प्रहरीले जनाएको छ । सडक अवरुद्ध भएका कारण जिल्ला सदरमुकाम बागलुङ बजार र दक्षिण जैमिनी तथा बरेङ गाउँपालिकाबाट बुटवललगायत ठाउँमा चल्ने सवारीसाधन रोकिएका छन् । भिरालो जमिन रहेको उक्त स्थानमा बेलाबेलामा सुक्खा पहिरो जाने गरेको छ।

# बुकीमै बसेर यार्सागुम्बाको खोजी

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ जेठ

जिल्लाको रघुगङ्गा गाउँपालिका-७ चिमखोलाका कृष्ण पाइजा एक महिनादेखि कालीबराह बुकी क्षेत्रमा यार्सागुम्बा टिप्न व्यस्त हुनुहुन्छ । बुकीमा ओढारमा बास बसेर पाइजासहित उहाँका साथीहरुले बहुमुल्य जडीबुटी यार्सागुम्बा सङ्कलन गरिरहेका छन्।

चिमखोलाका कालीबराह बुकीदेखि धौलागिरि आइसफल आधार शिविर क्षेत्रमा यतिबेला यार्सा सङ्कलन गर्नेको भीड लागेको छ । चिमखोलाका करिब ५० जना अहिले यार्सा सङ्कलनका लागि बुकीमै बास बस्ने गरेको पाइजाले बताउनुभयो । "करिब दुई महिनासम्म हामी बुकीमै बसेर यार्सा सङ्कलन गर्छौं, बिगतका तुलनामा यार्सा निकै थोरै भेटिने गरेको छ, दिनमा २० देखि २५ वटासम्म मात्रै हामीले यार्सा सङ्कलन गरिरहेका छौं", पाइजाले भन्नुभयो। यसअघिका वर्षमा दिनमा दुई सय वटासम्म यार्सा सङ्कलन हुने गरेको बताउँदै उहाँले यस वर्ष यार्सा कम भेटिएको बताउनुभयो। यार्सा सङ्कलकहरु यतिबेला बुकीमा ओढार र त्रिपालको छाप्रो हालेर बास बस्ने गरेका छन्। सङ्कलन भएको यार्सा स्थानीय स्तरमा रु दुई सयदेखि दुई सय ५० सम्ममा बिक्री हुने गरेको चिमखोले बुकीमा यार्सा सङ्कलन गर्दै गर्नुभएका गमान गर्बुजाले बताउनुभयो।

यार्सा सङ्कलन भएपछि ठेकेदारले गाउँमै पुगेर यार्साको खरिद गर्दै आएका छन्। म्याग्दीमा केहि वर्ष अघि वार्षिक २० किलोभन्दा बढी यार्सा निकासी हुने गरेकोमा पछिल्ला वर्षहरुमा मात्रा घटेको छ। चालु आर्थिक वर्षमा आधा किलो यार्सागुम्बा सङ्कलनका लागि मात्रै पुर्जी लिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी विनयबहादुर अधिकारी खत्रीले जानकारी दिनुभयो।

यार्सागुम्बा सङ्कलन र निकासीका लागि राजस्व तिरेर सङ्कलन पुर्जी र छोटपुर्जी लिएर मात्रै यार्सागुम्बा बिक्री र निकासी गर्न पाइन्छ। हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा न्यून मात्रामा भेटिने भएपछि यार्सा सङ्कलनकर्ताले सङ्कलन भएपछि मात्रै सोही बमोजिमको सङ्कलन पुर्जी काट्न थालेका छन्। जिल्लाको चिमखोला, कुइनेमङ्गले, मल्कबाङ, मुदी, गुर्जालगायतका स्थानीयबासी अहिले लेकाली क्षेत्रमा यार्सा सङ्कलनमा व्यस्त बनेका छन्। विशेष गरी वैशाखको मध्यदेखि जेठको अन्त्यसम्ममा हिमालको फेदीसम्म पुगेर जोखिम मोलेरै स्थानीयले यार्सा सङ्कलन गर्ने गर्छन् । धवलागिरि गाउँपालिका-१ गुर्जाबाट करिब एक सय ५० जना यार्सा सङ्कलनका लागी गुर्जा, चुरेन र पुथा हिमालको बुकीतर्फ गएको वडा अध्यक्ष झकबहादुर छन्त्याललले बताउनुभयो। उहाँले यार्सा सङ्कलन हिमाली क्षेत्रका बासीन्दाका लागि रोजगारी र आयआर्जनको माध्यम बनेको बताउनुभयो । यार्सा टिप्न जानेहरुले देवीदेवताको पूजापाठ गरी काम सुरु गर्छन् । यार्सा सङ्कलन हिमाली भेगका जनताका लागि मौसमी रोजगारी जस्तै बनेको छ। तर जोखिमपूर्ण तवरले सङ्कलित यार्साले उचित मूल्य नपाउँदा यार्सा सङ्कलनकर्ताहरु निरास बन्न थालेका छन्।

सर्वसाधारणबाट व्यवसायिहरुले प्रतिकिलो रु पाँचदेखि छ लाखसम्ममा यार्सा खरिद गर्ने गरेका छन्। हालको बजारमूल्य प्रतिकिलो रु आठदेखि १० लाखसम्म रहेको जानकार बताउँछन्।

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४ को बेलचौतारा टोलको बाटो ढलान गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः बेलचौतारा टोलको बाटो ढलान
ठेगानाः पोखरा-१४
योजना सम्झौता मितिः २०८०/११/२४ गते
योजना सम्पन्न हुने मितिः २०८१/०१/२४ गते
योजनाको कुल लागतः रु. ८, १४,३१७/७०
महानगरपालिकाबाटः रु. ५,००,०००/-
उपभोक्ता समितिबाटः रु. ३,१४,३१७/७०
अध्यक्षः बयन बहादुर कार्की सम्पर्क नं.: ९८०६५६४६२३
निर्माण समिति सदस्य संख्याः ५
महिलाः २, पुरुषः ३

**बेलचौतारा टोलको बाटो ढलान उपभोक्ता समिति पोखरा-१३**

## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १२ को गेट निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः वडा कार्यालय १२ को गेट निर्माण
ठेगानाः पोखरा-१२
योजना शुरु हुने मितिः २०८०/०७/२२ गते
योजना सम्पन्न हुने मितिः २०८१/०३/२० गते
योजना सम्पन्न भएको मितिः २०८१/०२/१४ गते
योजनाको कुल लागतः रु. ३५,२९,४११/-
महानगरपालिकाबाटः रु. ३०,००,०००/-
जनसहभागिताबाटः रु.५,२९,४११/-
अध्यक्षः बल बहादुर कार्की सम्पर्क नं.: ९८४६०४५४०४
निर्माण समिति सदस्य संख्याः ९
महिलाः ३, पुरुषः ६

**वडा कार्यालय १२ को गेट निर्माण उपभोता समिति पोखरा महानगरपालिका-१२**

## विमालेख हरायो

यहि मिति २०८१ साल वैशाख १५ गते स्याङ्जाबाट पोखरा आउँदै गर्दा साविक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं. को निम्न लिखित विवरणको विमालेख हराएको हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।
विमितको नाम: सुबिन क्षेत्री
विमालेख नं: ४०१०००००१४५९
प्रस्तावको नाम: सुनिता कार्की क्षेत्री
सम्पर्क नं: ९८०४५०९५९२, ०६१५२३६५२

# बंगुरको पकेट क्षेत्र जलजलेमा पोखरा महानगरद्धारा बंगुरका पाठा वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, १४ जेठ



बंगुरपालनको पकेट क्षेत्र पोखरा २७ जलजलेमा अफ्रिकन स्वाइन फ्लुका कारण बंगुर नष्ट भएपनि पकेट क्षेत्रलाई पुरानै लयमा फर्काउनका लागि पोखरा महानगर कृषि तथा पशु बिकास महाशाखाले पहलकदमी थालेको छ।

महाशाखाले बंगुरपालक कृषकहरुलाई लक्षित गरी जलजले बंगुर ब्रिडर कृषक समुहलाई ८० वटा बंगुरका पाठा वितरण गरेको छ । गत वर्ष अफ्रिकन स्वाइन फ्लुबाट ४ हजार बढी वंगुर मरेर क्षती पुगेको जलजले बंगुर ब्रिडर कृषक समुहलाई बंगुरको पाठा वितरण गरेको हो । बंगुर पाठा वितरण कार्यक्रममा वोल्दै पोखरा २७ का कार्यबाहक अध्यक्ष जितेन्द्र क्षेत्रीले अघिल्लो वर्ष महामारीको रुपमा फैलिएको अफ्रिकन स्वाइन फ्लुका कारण ब्यवसायीहरुको खोर रित्तिएको अवस्थामा पोखरा महानगर कृषि तथा पशु बिकास महाशाखाबाट बंगुरको पाठा वितरण गरी कृषकलाई राहत प्रदान गरेको वताउदै वडाले पनि जलजलेका कृषकलाई राहत प्रदान गर्ने गरी काम गर्न प्रतिवद्ध रहेको समेत बताए । पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखाका प्रमुख मनहर कडरियाले बंगुरको पकेट क्षेत्रको रुपमा रहेको जलजले बंगुर ब्रिडर कृषक समुहमा आवद्ध ब्यवशायीहरुलाई राहत पुगोस भन्ने उद्देश्यले बंगुरको पाठा वितरण गरिएको वताए । कडरियाका अनुसार गत वर्ष फैलिएको अफ्रिकन स्वाइन फ्लुका कारण जलजले बंगुर ब्रिडर कृषक समुहमा आवद्ध १९ वटा फर्मका बंगुरहरु मरेर नष्ट भएको र अघिल्लो वर्षनै महानगरले बंगुरको पाठाहरु बितरण गरेको र अहिलेपनि त्यसको फ्लो अप स्वरुप पचास प्रतिशत सझेदारीमा पुन बंगुरको पाठा बितरण गरिएको हो। बायो सेक्रेटरीलाई ध्यान दिन नसक्दा विभिन्न रोगहरु लाग्ने बताउदै त्यसतर्फ महानगरले सहयोग गर्ने र कृषकहरुपनि त्यस तर्फ सचेत हुनुपर्ने उनको भनाइ रहेको थियो। जलजले बंगुर ब्रिडर कृषक समुहका अध्यक्ष पदम बहादुर थापाले कोरोनाको मार खेपेको कृषकले अफ्रिकन स्वाइन फ्लुका कारण खोर नै रित्तिदा कतिपयलेत ब्यवसायनै छाडेको बताउदै आफुहरुलाई महानगरले गरेको सहयोगका कारण ब्यवसायलाई निरन्तरता दिन सहज भएको वताए।

स्वाइन फ्लुका कारण समुहमा ४ हजार बंगुर नष्ट भएको बेला महानगरले पाठा वितरण गरेर ब्यवशायलाई निरन्तरता दिन सहयोग गरेर अगाडी वढिरहदा फेरिपनि पाठा वितरण गरेर जलजलेका कृषकलाई गुन लगाएकोमा महानगरप्रति थापाले आभार प्रकट गरे। उक्त कार्यक्रममा पोखरा महानगरपालिका कृषि तथा पशु बिकास महाशाखाका नवराज अधिकारी, राजेन्द्र लामिछाने लगायतको सहभागीता रहेको थियो। ३५ को हाराहारीमा फर्म रहेको जलजलेमा हाल १९ वटा फर्म हरु संस्थामा आवद्ध रहेका छन।

# म्याग्दीमा 'मगर भाषा, थाली तथा कौडानाँच' प्रशिक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १४ जेठ



लोपोन्मुख भाषा, संस्कृति र परम्पराको संरक्षण एवं प्रवर्द्धन गर्दै नयाँ पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले म्याग्दीमा 'मगर भाषा, थाली र कौडानाँच' प्रशिक्षण सुरु भएको छ।

जिल्लास्थित नेपाल मगर सङ्घको आयोजनामा आजदेखि सुरु भएको प्रशिक्षण १५ दिनसम्म सञ्चालन हुनेछ। मगर भाषा र संस्कृतिका जानकार दानबहादुर आलेले प्रशिक्षण दिनुहुने आयोजकले जनाएको छ।

पछिल्लो समय मगर भाषा, मौलिक संस्कृति र परम्परा हराउँदै जान थालेकाले यसको संरक्षण एवं प्रवर्द्धन गरी आफ्नो पुर्ख्यौली पहिचान युवा पुस्तालाई हस्तान्तरण गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको सङ्घका सचिव हिरा पुनले जानकारी दिनुभयो । मगर बाहुल्य रहेको म्याग्दीमा मगर भाषा र लिपिका बारेमा नयाँ पुस्तालाई जानकारी दिन र पुर्खाको विरासतकारुपमा रहेको संस्कृति र परम्परालाई जोगाइ राख्न प्रशिक्षणले महत्वपूर्ण भूमिका निर्वाह गर्ने उहाँले बताउनुभयो। सङ्घका सचिव पुनका अनुसार २०७८ को जनगणना अनुसार जिल्लामा एक लाख सात हजार ३३ जनसङ्ख्या रहेकामा मगर जातिका मात्रै ४६ हजार २५ रहेका छन्। "जिल्लामा गत वैशाखमा मगर जातिको उत्पत्ति, दर्शन र मगरात सभ्यताको अध्ययन तथा अनुसन्धान समेत गरिएको थियो", उहाँले भन्नुभयो, "नेपालमा जातिगत जनसङ्ख्याको हिसाबले मगर नेपालको तेस्रो ठूलो जाति हो भने आदिवासी जनजाति समुदायको पहिलो हो।" म्याग्दीमा करिब चार सय वर्षअघि गुमेको मगर 'ढुट' भाषाको बारेमा पछिल्लो समय चासो बढ्न थालेको छ। सात वर्षअघि बेनीमा नेपाल मगर सङ्घले प्रशिक्षण कक्षा सञ्चालन गरेर मगर भाषा सिकाउन थालेको थियो।

उक्त प्रशिक्षणले निरन्तरता नपाउँदा सिक्न चाहना भएकाले समेत अवसर नपाएको अवस्थामा अहिले मगर भाषाका साथै संस्कृतिका धरोहर मानिने थाली र कौडानाँचको प्रशिक्षण राखिएको प्रशिक्षक आलेले बताउनुभयो। जिल्लाका सम्पूर्ण मगर समुदायलाई उक्त अवसरको फाइदा लिन सङ्घ अनुरोध गरेको छ । मल्लकालमा तत्कालीन राज्य सञ्चालकले फरकफरक भाषा बोल्दा गोपनीयता भङ्ग हुने, सुरक्षामा असर पर्नुका साथै सूचना आदानप्रदान गर्न असहज भएको भन्दै मगर भाषा बोल्न प्रतिबन्ध लगाएका मगर समुदायका ज्येष्ठ नागरिक बताउँछन्।

# राष्ट्रिय राजमार्ग जोड्ने सडक १३ वर्षपछि स्तरोन्नति हुँदै

**पोखरापत्र संवाददाता**
बागलुङ, १४ जेठ

दक्षिण बागलुङको ग्रामीण क्षेत्रलाई राष्ट्रिय राजमार्गसँग जोड्न निर्माण गरिएको सडक स्तरोन्नति गर्न थालिएको छ।

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरदेखि जैमिनी नगरपालिकाको बिनामारे, रिठेडाँडा, व्यार्थलालगायत जर्दनौं गाउँसम्म जोड्ने गरी १३ वर्ष अगाडि निर्माण गरिएको सडक स्तरोन्नति गर्न थालिएको छ । नगरपालिकाले गत वर्षदेखि नै यो सडक स्तरोन्नति गर्न थालेको हो। गाउँको सडक स्तरोन्नति हुन थालेपछि स्थानीय हर्षित भएका छन् । हिउँदमा हिलो र बर्खामा धुलोका कारण यातायातका साधन नियमित गुड्न सक्दैन्थे । नगरपालिकाले स्तरोन्नति गर्न थालेपछि नियमित गाडी सञ्चालन हुनेमा स्थानीय विश्वस्त बनेका छन्।

आर्थिक वर्ष २०७९/८० मा नगरपालिकाले विनियोजन गरेको रु १० लाखबाट करिडोरसँग जोडिएको खण्ड स्तरोन्नति गरिएको र यस वर्ष त्यसभन्दा माथिल्लो क्षेत्रमा काम गरिरहेको वडा नं ५ का अध्यक्ष ठगबहादुर थापाले जानकारी दिनुभयो।

यस वर्ष नगरपालिकाले रु १० लाख विनियोजन गरेको हुँदा उक्त रकमबाट सडक फराकिलो बनाउने, नाली निर्माण र अप्ठ्यारो स्थानमा ढलान गर्न थालिएको उहाँको भनाइ छ । करिडोरदेखि पर्यटकीय क्षेत्र हाँडीकोटसम्म जोडिएको सो सडक करिब १६ किमी रहेको हुँदा बर्सेनि नगरपालिकाले बजेट व्यवस्थापन गरी काम गर्दै आएको अध्यक्ष थापा बताउनुहुनछ। करिडोर खण्ड निरिङ्गे, बिनामारे, रिठेडाँडा, व्यार्थला हुँदै हाँडीकोटको जोडिएको यस सडक बजेट अभावमा एकैपटक काम गर्न नसकिएको उहाँको भनाइ छ। केन्द्र र प्रदेश सरकारले बजेट व्यवस्थापन गरे एक/दुई वर्षमै काम गर्न सकिने थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "यो सडकको ट्र्याक खुलेको धेरै वर्षपछि अहिले बल्ल स्तरोन्नतिको काममा लागिरहेका छौं, यो सडकले धेरै ग्रामीण क्षेत्र जोडिएको हुँदा यात्रा र सामान ढुवानीमा समस्या छ, स्तरोन्नतिपछि सहज बन्नेछ, गाउँमा उत्पादन हुने वस्तुलाई बजारीकरण गर्न पनि यो सडकले महत्वपूर्ण टेवा पुऱ्याउनेछ, करिडोरदेखि हाँडीकोटसम्मको सडक समयमै स्तरोन्नति गर्नसके, पर्यटक भित्र्याउन र सहज रुप हाँडीकोट पुऱ्याउन सकिने थियो।" जैमिनी-५ का स्थानीय फमबहादुर थापाले ट्र्याक खुलेको दशक वर्ष बढी हुँदा पनि सबै सडक स्तरोन्नति हुन नसक्दा हजारौं नागरिकले सास्ती खेप्नुपरेको बताउनुभयो। सडक स्तरोन्नतिका लागि करोडौं रकम लाग्ने भए पनि नगरपालिकाले सीमित बजेट विनियोजन गरेर काम गर्दै आएको उहाँको भनाइ छ । यो सडकलाई स्तरोन्नति गर्नका लागि प्रदेश र केन्द्र सरकारबाटै बजेट आउनुपर्ने थापा बताउनुहुन्छ । सडक अप्ठ्यारो हुँदा कृषिउपज वस्तु बजार पुऱ्याउँदा बढी भाडा तिर्नु परेको उहाँले सुनाउनुभयो। केही ठाउँमा स्तरोन्नति हुँदा थोरै भए पनि यात्रमा सहज भएको उहाँको भनाइ छ।

# सिरोहियालाई थप तीन दिन हिरासतमा राख्न आदेश

**रासस**
काठमाडौं, १४ जेठ

जिल्ला अदालत धनुषाले नागरिकतासम्बन्धी कसुर मुद्दामा अनुसन्धानका लागि हिरासतमा रहेका कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई थप तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न सोमबार आदेश जारी गरेको छ।

न्यायाधीश यदुराज शर्माको एकल इजलासले अध्यक्ष सिरोहियालाई जिल्ला प्रहरी कार्यालय धनुषामा थप तीन दिन हिरासतमा राखेर अनुसन्धान गर्न आदेश जारी गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक रन्जन आवाले जानकारी दिनुभयो।

प्रहरी कार्यालय धनुषाले अध्यक्ष सिरोहियाको नागरिकतामा जन्ममिति खुलाएर गरिएको हस्ताक्षरको 'फोरेन्सिक' परीक्षणका लागि पठाइएको र त्यो 'रिपोर्ट' आउन बाँकी रहेकाले थप अनुसन्धानका लागि पाँच दिन हिरासतमा राख्न जिल्ला सरकारी वकिलमार्फत उक्त अदालतमा मागसहित सोमबार उहाँलाई पेस गरेको थियो। प्रहरी अनुसन्धानमा रहेका आरोपित सिरोहियाको पक्षमा अधिवक्ता विनोद शर्मा, रमण कर्ण, दिनेश त्रिपाठी तथा किशोर पौडेलले बहस गर्नुभएको थियो।